
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रजित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २ गते बिहीबार ❑ 16 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गण्डकीमा ३५ अर्ब ९० करोडको बजेट

पोखरापत्र संवाददाता
पोखरा, १ असार

गण्डकी प्रदेशसभाको बुधबारको बैठकमा गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल(जीवन)ले आगामी आर्थिक वर्ष २०७९/०८० का लागि रु ३५ अर्ब ९० करोड ९० लाखको बजेट प्रस्तुत गर्नुभएको छ।

बजेटले स्वास्थ्यसँगै कृषि, पर्यटन लगायतलाई प्राथमिकतामा राखेको मन्त्री बरालले जानकारी गराउनुभयो । बजेट निर्माण गर्दा नेपालको संविधानमा समाविष्ट मौलिक हक, राज्यका नीति तथा निर्देशक सिद्धान्त, पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाका लक्ष्य तथा उद्देश्य, दीगो विकासका लक्ष्य, गण्डकी प्रदेशको मध्यकालीन खर्च संरचना, प्रदेश सरकारको नीति तथा कार्यक्रम राजनीतिक दलले घोषणापत्रमार्फत जनतासमक्ष




गरेका प्रतिबद्धतालाई आधार मानिएको उहाँले बताउनुभयो । आगामी आर्थिक वर्षका लागि विनियोजित रकममध्ये चालुतर्फ रु १३ अर्ब २६ करोड ८८ लाख ५४ हजार (३६.९५ प्रतिशत) र पूँजीगततर्फ रु २२ अर्ब १४ करोड एक लाख ४६ हजार (६१.६६ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ रु ५० करोड(१.३९) प्रतिशत रहेको उहाँले जानकारी दिनुभयो।

स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु दुई अर्ब ११ करोड १० लाख (५.८८ प्रतिशत) रहेको उहाँले जानकारी दिनुभयो । आगामी आर्थिक वर्षमा रु एक करोड ८८ लाख ३८ हजार सञ्चितकोषमाथि व्ययभार हुने अनुमान गरेको उहाँले बताउनुभयो । आगामी आर्थिक वर्षका लागि अनुमान गरेको बजेटको खर्च बेहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट वित्तीय समानीकरणबाट रु सात अर्ब ९२ करोड ७९ लाख, राजस्व बाँडफाँटबाट प्राप्त रु नौ अर्ब २३ करोड ९९ लाख, सःशर्त अनुदानतर्फ रु छ अर्ब ९१ करोड ८३ लाख, समपुरक अनुदानतर्फ ८३ करोड ७० लाख, विशेष अनुदानतर्फ रु ८६ करोड प्राप्त हुने अनुमान गरेको उहाँले जानकारी दिनुभयो । प्रदेशको आन्तरिक राजस्वबाट रु पाँच अर्ब नौ करोड १६ लाख र रोयल्टी बाँडफाँटबाट रु ३२ करोड ५० लाख प्राप्त हुने अनुमान गरिएको उहाँले बताउनुभयो । चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनपश्चात् रु दुई अर्ब ७१ करोड नगद मौज्दात रहने अनुमान गर्दै अर्थमन्त्री बरालले यसका अतिरिक्त आगामी आर्थिक वर्षका लागि रु दुई अर्ब न्यून हुने अनुमान गरिएको बताउनुभयो ।

न्यून हुन जाने रकममध्ये रु एक अर्ब आन्तरिक ऋणबाट र एक अर्ब नेपाल सरकारबाट लिइने ऋणबाट पूर्ति हुने व्यवस्था मिलाएको उहाँले जानकारी दिनुभयो ।

## मन्त्री हेरफेर गर्दै एकीकृत समाजवादी

रासस
काठमाडौं, १ असार

नेकपा (एकीकृत समाजवादी)ले आफ्नो पार्टीबाट सरकारमा सहभागी मन्त्री हेरफेर गर्ने निर्णय गरेको छ । बुधबार बसेको स्थायी कमिटी बैठकले बजेट पारित हुनासाथ पार्टीबाट सहभागी हुने मन्त्री हेरफेर गर्ने निर्णय गरेको पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो ।

यसअघि पार्टी सचिवालयले मन्त्री हेरफेर गर्ने निर्णय गरेको थियो । सो निर्णयलाई बुधबारबसेको स्थायी कमिटीले अनुमोदन गरेको उहाँले बताउनुभयो । "उचित समयमा बजेटको काम सकिएपछि हामीले नयाँ मन्त्री पठाउनेछौँ", उहाँले भन्नुभयो । यस्तै बैठकले राष्ट्रिय हितमा प्रतिकूल पार्ने कुनै पनि किसिमका सन्धि सम्झौता गर्न नदिने र सरकारले त्यो कुरामा सजक गराइने निर्णयसमेत गरेको उहाँले जानकारी दिनुभयो । पार्टीले निर्वाचनको समीक्षा गर्दा काँग्रेस र माओवादीलगायत पाँच दलीय गठबन्धनलाई निरन्तरता दिने प्रयास गर्ने तथा विगतका कमजोरीलाई सच्याउनका लागि सबैलाई एक ठाउँमा ल्याउने र अझ परिकृत भएर अगाडि बढ्ने निर्णय गरेको प्रचार विभाग प्रमुख खतिवडाले बताउनुभयो । उहाँका अनुसार असार १० गते पोलिटब्युराको बैठक, ११ गते केन्द्रीय कमिटी बैठक र असार १२ र २३ गते केन्द्रीय परिषद्को बैठक डाँकिएको छ ।

बैठकमा स्थानीय तह निर्वाचनको समीक्षा प्रतिवेदन पार्टी अध्यक्ष माधवकुमार नेपालले गर्नुभएको छ । प्रतिवेदनमा परिमार्जन गरेर नयाँ राजनीतिक प्रतिवेदन गरिने र सो प्रतिवेदन केन्द्रीय कमिटीबाट अन्तिम रुप दिइने उहाँले बताउनुभयो । यस्तै बैठकले कर्णाली प्रदेशमा २० जना प्रदेश सदस्य जना मनोनीत गरेको र पार्टी विरोधी गतिविधि गरेका १२ जनालाई हटाइएको उहाँले जानकारी दिनुभयो ।

## पोखराका मेयरलाई अटेरीको सुझावमुलक मायाको चिनो

पोखरापत्र संवाददाता
पोखरा, १ असार

पोखराका मेयर धनराज आचार्यलाइ अटेरी अभियानले सुझावमुलक मायाको चिनो हस्तान्तरण गरेको छ ।

बुधबार बिहान अटेरी अभियानका अभियन्ताहरुले मेयर आचार्यलाई भेटेर मायाको चिनो हस्तान्तरण गरेका हुन् ।

पदभार ग्रहण गरेपछि १ वर्षभित्र पूरा गर्ने घोषणा गरेका योजनाहरुको लिस्ट बनाएर अभियानले मेयर आचार्यलाइ बुझाएको हो । स्थानीय तह निर्वाचनमा निर्वाचन संयोजकको भुमिकामा रहेका अभियन्ता हरि कार्कीले घोषणापत्रमा समावेश गरिएका बुँदाहरुलाई सुझावको रुपमा मेयर आचार्यलाइ हस्तान्तरण गरेको बताए । ' पोखरा महानगरपालिका प्रमुखको रुपमा पदभार ग्रहण गरि सकेपछि मेयर साबले एक वर्षभित्र पूरा



गर्ने प्रतिबद्धता जनाउनु भएका योजनालाई हामीले लिस्ट बनाएर दिएका छौं । ताकि उहाँलाई आफ्नो चुनावी बाचा सम्झिन सजिलो होस्,' उनले भने । काम गर्नु र गरि रहनुमा फरक रहेको बताउँदै कार्कीले अभियानको तर्फबाट सफल कार्यकालको शुभकामना दिएको बताए । महानगरपालिका बनाउनका लागि अभियानले सिर्जनात्मक दबाब दिइ रहने उनले बताए ।

आगामी संघ र प्रदेशको चुनावमा स्वतन्त्र उम्मेदवारलाई एकजुट बनाउन अभियानका परिकल्पनाकार गनेस पौडेल देश दौडाहामा निस्केका छन् । देश व्यापी छलफल पछि स्वतन्त्र उम्मेदवारको समुह बनाउन पहल गरिने कार्कीले बताए ।

## मतदाता नामावली सङ्कलन र अद्यावधिक सुरु

रासस
काठमाडौं, १ असार

निर्वाचन आयोगले आशन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनलाई लक्षित गरेर बुधबारदेखि मतदाता नामावली सङ्कलन र अद्यावधिक कार्य सुरु गरेको छ।

ती तहको निर्वाचनको मिति निकट भविष्यमा घोषणा हुने सम्भावना रहेकाले सो घोषणा हुनुपूर्व नै मतदाता नामावलीमा नाम सङ्कलन गर्न योग्यता पुगेका सबै नागरिकलाई आफ्नो नाम दर्ता गराउन आयोगले कार्यारम्भ गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

आयोगले सबै निर्वाचन कार्यालय र सबै जिल्ला प्रशासन कार्यालय एवं ७२ वटा इलाका प्रशासन कार्यालयबाट मतदाता नामावली सङ्कलन गर्ने, पेशा, व्यवसाय वा अन्य कुनै कारणले कुनै एक जिल्लामा बसोबास गरिरहेको नागरिकले निजको स्थायी ठेगानामा रहने गरी हाल अस्थायी बसोबास गरिरहेको जिल्लाकै निर्वाचन कार्यालय गई मतदाता नामावली दर्ता गर्न सक्ने र मतदाता नामावलीमा रहेको आफ्नो नाम, ठेगाना, जन्म मितिलगायत विवरण सच्याउनलाई प्रमाणसहित निवेदन दिएमा नाम दर्ता अधिकारी (निर्वाचन अधिकारी) ले आवश्यक निर्णय गरी त्रुटि सच्याउने तय गरेको छ।

आयोगले कुनै मतदाताले झुठो विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भनी त्यस्तो नाम मतदाता नामावलीबाट हटाउनका लागि कुनै पनि व्यक्तिले प्रमाणसहित उजुरी दिएमा नाम दर्ता अधिकारीले छानविन गरी त्यस्तो नाम हटाउने सम्बन्धमा निर्णय गर्ने, कुनै मतदाताले विवाह वा बसाईं सरेको कारण मतदाता नामावलीमा रहेको आफ्नो ठेगाना परिवर्तन गर्न चाहेमा साविकमा नाम दर्ता भएको जिल्ला वा नाम सार्न चाहेको जिल्लाको निर्वाचन कार्यालयमा निवेदन दिन सक्ने र निवेदन दर्ता भएको कार्यालयले प्राप्त निवेदन उपर आवश्यक निर्णय गरी अर्को जिल्लासँग सम्बन्धित भए सम्बन्धित जिल्लामा आवश्यक प्रमाणसमेत स्क्यान गरी पठाउने प्रबन्ध गरेको छ ।

## म्याग्दीका ४४ बस्ती पहिरो र कटानको जोखिममा

पोखरापत्र संवाददाता
म्याग्दी, १ असार

म्याग्दीका ४४ बस्ती पहिरो र कटानको जोखिममा छन् । बेनीस्थित भू-तथा जलाधार संरक्षण सम्पर्क कार्यालयले ३१ बस्ती पहिरो र १३ ठाउँमा नदी कटानका कारण करिब एक हजार घरधुरी जोखिममा रहेका जनाएको छ ।

कार्यालयका सहायक भूसंरक्षण अधिकृत शम्भुकुमार मिश्रले म्याग्दीको ३५७.९ हेक्टर जमिन भू-क्षयबाट प्रभावित भएको जानकारी दिनुभयो । "म्याग्दीबाट वार्षिक दुई हजार ५१९ दशमलव ७६ मेट्रिक टन माटो भू-क्षयका कारण बगेर जाने गरेको छ", उहाँले भन्नुभयो, "माथिल्लो क्षेत्रमा पहिरो र भूक्षय हुँदा नदीमा बाढीको आयातन बढेर कटान हुने गरेको छ।" धवलागिरिको लमसुङ, खोरिया, दर, ताकम, मालिकाको देवीस्थान, बिम, जुकेपानी, छाप, रातोढुङ्गा, रुम, घोर्सी, दिव्याम गोगनपानी, दरवाङ, मङ्गलाको खर्सुपानी, हँडेबिर, बेनी नगरपालिकाको सिङ्गा तातोपानी, भकिम्ली, पुलाचौर, भसभसे, घतान, पाल्लेखेत, रघुगङ्गाको पाखापानी, दनाम, राहुघाट, कटुवालटोल, भगवती, रानीपौवा, पिप्ले, अन्नपूर्णको दोवा, घोस्केखोर, शिख तल्लोगाउँ र फगामामा पहिराको जोखिम रहेको कार्यालयले जनाएको छ । यसैगरी म्याग्दी, राहुघाट र कालीगण्डकी नदीको तटीय क्षेत्रमा रहेको दरवाङ, दुखुबैंसी, सहश्रधारा, शेरफाँट, हँडेबिर, पिपलचौतारी, पानावगर, काशेगर, ताराखेत, सिङ्गा तातोपानी, भसभसे, गलेश्वर र भुरुङ तातोपानीमा कटानको जोखिम भएको मिश्रले बताउनुभयो । जोखिमयुक्त ठाउँबाट ४५ स्थानमा पहिरो नियन्त्रण, २५ स्थानबाट खोला किनार संरक्षण र ३२ स्थानबाट गल्छी संरक्षण तथा व्यक्तिगत घर, खेतबारी संरक्षणका लागि ७५ जनाको माग निवेदन आएको छ । कालीगण्डकी, राहुघाट र म्याग्दी नदीमा सहायक खोलाबाट आउने बाढीले नदीको धार परिवर्तन गराउनु, सडक निर्माण गर्ने क्रममा भिरालो जमिन कटान गर्दा सडकभन्दा माथिको माटो तल फाल्नु र सोको व्यवस्थापन नगरिनु, सडकले गर्दा परापूर्वकालदेखि बग्दै आएको भलबाढी अनियन्त्रित हुनु र नदीमा बाढीको आयातन बढेर तटीय क्षेत्रमा कटान गर्ने समस्या रहेको मिश्रले बताउनुभयो । यसैबीच म्याग्दीमा मनसुनजन्य विपद् प्रतिकार्य योजना लागू गरिएको छ । प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले मनसुनजन्य विपद्को जोखियुक्त स्थान पहिचान, सतर्कता, विपद्को अवस्थामा उद्धार, राहत र व्यवस्थापनका लागि विगतको अभ्यास र सरोकारवालाको सुझावका आधारमा प्रतिकार्य योजना बनाएर कार्यान्वयन थालिएको बताउनुभयो ।

उच्च जोखिममा रहेका बस्तीका बासिन्दालाई सुरक्षित ठाउँमा सार्ने र जिल्लाका ६ वटै स्थानीय तहले कालीगण्डकी, म्याग्दी र रघुगङ्गा नदीको तटीय क्षेत्रमा बाढीको पूर्वसूचनाका लागि सम्पर्क व्यक्ति खटाउने प्रक्रिया थालेका छन् ।

## स्थानीय निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको निष्कर्ष

रासस
काठमाडौं, १ असार

स्थानीय तह सदस्य निर्वाचन २०७९ शान्तिपूर्ण रुपमा सम्पन्न भएको निष्कर्ष निकालिएको छ।

निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी) ले बुधबार यहाँ पत्रकार सम्मेलनको आयोजना गरी केही मात्रामा आचारसहिता विपरीतका गतिविधि भए पनि समग्रमा समावेशी सहभागितासँगै शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न भएको जानकारी गराएको हो । त्यसैगरी मतदाता नामावलीमा नाम भएको व्यक्तिलाई परिचयपत्र नभए पनि नागरिकता प्रमाणपत्रको आधारमा मतदान गर्ने व्यवस्था गरिनु, आचारसहिताको


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१




वडा नं १३ का जनप्रतिनिधिलाई भद्रकालीमा सम्मानः पोखरा महानगरपालिका वडा नं १३ का निर्वाचित जनप्रतिनिधिहरुलाई भद्रकाली माविले हालै सम्मान वधाइ तथा शुभकामना ज्ञापन कार्यक्रम गरेको छ। सम्मानित कार्यक्रममा जनप्रतिनिधिहरु क्रमश अध्यक्ष किरण वराल सदस्यहरुमा क्रमश सुचित तमाङ, वलवहादुर वराल, सरिफ अलिमियाँ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्की लगायत विद्यालयका सल्लाहकार र शिक्षाविद्हरुको सहभागिता रहेको थियो। फोटो-पोखरापत्र

# नाटक 'केस नम्बर ३११' मञ्चन तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असार**

नाटक 'केस नम्बर ३११' मञ्चन तयारी पुरा भएको छ। पोखरा थिएटरको प्रस्तुतिमा तयार भएको यो नाटक असार ३ गते शुक्रबारबाट पोखरा ४ गैह्रापाटनमा रहेको गन्धर्व नाटकघरमा मञ्चन गरिनेछ। असार ११ गतेसम्म मञ्चन हुने नाटकको लेखन तथा निर्देशन पोखरा थिएटरको व्याच ४ र व्याच ५ का प्रशिक्षार्थीले गरेका छन्।

सहजकर्ताको रुपमा पोखरा थिएटरका अध्यक्ष परिवर्तनले सघाउनुहुनेछ। नाटक बुधबार बाहेक हरेक दिन साँझ सवा पाँच बजे मञ्चन गरिनेछ। यसका अलावा शनिबार र आइतबार दिउँसो १ बजे समेत नाटक हेर्न पाइन्छ। यो नाटकको परिकल्पना दिव्य अमृत, दिप्सना विश्वकर्मा, सुशिल बरालले गर्नुभएको हो।

त्यसोत पोखरा थिएटरले स्थापना कालदेखि विभिन्न प्रशिक्षण कार्यक्रम गर्दै आएको छ। हरेक वर्ष ब्याच कक्षाको नाममा ३ महिने अभिनय प्रशिक्षण कार्यक्रम तहाँ हुन्छ। यो प्रशिक्षण पाँचौ व्याचसम्म आइसकेको छ। यी प्रशिक्षण कार्यक्रममा सहभागी बनेका धेरैजना नेपाली रगंमञ्चमा



क्रियाशिल छन्। यस्तैमा चौथो र पाँचौ व्याचको समायोजन गरेर यो नाटक तयार पारिएको हो।

नाटकमा न्यायाधीशको भुमिकामा झलक थापा, इजलास अधिकृतको भुमिकामा सुशिल बराल र मनिषा के.सी, सरकारी वकिलको भुमिकामा अदित भुजेल र निजि वकिलको भुमिकामा एलिसा भोगले अभिनय गर्नुहुनेछ। यसैगरी कार्यालय सहयोगीको भुमिकामा गोपाल भुषाल, शिखाको भुमिकामा अनामिका रिजाल, जीवनको भुमिकामा प्रतीक राउत, रत्नाको भुमिकामा प्रतिभा रिमाल, छिमेकीको भुमिकामा पाल्मती थापा, प्रहरीको भुमिकामा कमल तामाङ, दिप्सना विश्वकर्मा र सुरज तिवारी तथा मनोचिकित्सको भुमिकामा दिव्य अमृतलाई हेर्न पाइनेछ। नाटकलाई ड्रामाटर्जी गर्न अधिवक्ता एवं लेखक दीपक पराजुलीले साथ दिनुभएको छ।

हिंसाले पिडितमा पार्न सक्ने मानसिक असरलाई चित्रण गर्ने अभिप्रायले समसामयिक विषयमा नाटक तयार पार्न खोजेको निर्देशकत्रयको भनाई छ। नाटक हेरिसकेपछि महिला हिंसा र मनोविज्ञानका सम्बन्धमा नयाँ अवधारणा बन्ने उहाँहरुको आशा छ। पोखरा थिएटरमा पहिलो पटक इम्प्रोभाइजेस्नल विधिबाट नाटक तयार पारिएको उहाँहरुको दावी छ। तीन महिना लामो अभिनय प्रशिक्षण पश्चात् नाटक तयार हुन लागेको तथा नाटकले गम्भीर मानसिक स्वास्थ्यको विषयलाई उठान गरेको कारण दर्शकको माया पाउने सहजकर्ता एवं पोखरा थिएटरका अध्यक्ष परिवर्तनको विश्वास छ।

'नाटकमा महिलामाथि हुने घटना र घटनाले पार्ने मानसिक असरलाई नयाँ तरिकाले प्रस्तुत गर्ने कोशिस गरेका छौं। यो नाटकले मूलतः डिसोसियटिभ आइडेन्टीटी डिसअर्डरको खोजि गर्न प्रेरित गरेको छ' उहाँले भन्नुभयो। नाटकमा १९ वर्षिय शिखाले भोगेको हिंसा र हिंसाको कारण उत्पन्न मानसिक अवस्थालाई गहन ढंगले प्रस्तुत गरिनेछ। जसका कारण दर्शकले नयाँपन पाउने उहाँको भनाई छ। 'हामीलाई समसामायिक विषयवस्तु माथि कम नाटक बनाइरहको आरोप लागिरहको बेला यस पटक हामीले समसामयिक विषयवस्तु माथि बोल्ने कोसिस गरेका छौं। आशा छ हाम्रो कोसिसमा यहाँहरुको साथ मिल्ने छ' परिवर्तनले थप्नुभयो।

पोखरा थिएटरको प्रस्तुतिमा श्रावण दोस्रो सातादेखि कक्षा नौ को पाठ्यक्रममा समावेश 'भविष्य निर्माण' कथामा आधारित नाटक मञ्चन गर्ने समेत तय भएको थिएटरले जनाएको छ।

# स्थानीय...

उल्लङ्घनकर्ताविरुद्ध कानूनी कारबाहीस्वरूप स्पष्टीकरणसहित सजग गराउनु, निर्वाचनसम्बन्धी विवादको निरुपण गर्न सर्वपक्षीय तथा सर्वदलीय सहमति खोज्नु सकारात्मक पक्ष रहेको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ। पर्यवेक्षण प्रतिवेदनअनुसार निर्वाचनको समयमा आचारसंहिताले गर्न हुँदैन भनी गरेको निर्देशनात्मक व्यवस्थाविपरीतपञ्चेबाजासहितको झाँकी, मोटरसाइकल र्याली, बालबालिकाको प्रयोग, उम्मेदवारका लागि तोकिएको सङ्ख्याभन्दा बढी सवारी साधनको प्रयोग गरिएको छ।

दलित तथा पिछडिएका समुदायलाई आर्थिक प्रलोभनमा पारी मतदान आफ्नो पक्षमा पार्ने प्रयास, निर्वाचन आयोगले निर्धारण गरेको खर्चको सीमालाई अधिकांश राजनीतिक दलहरुले पालना नगरेको इओसीका अध्यक्ष प्रदीप पोखरेलले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

आगामी दिनमा निर्वाचन आयोगले महिला प्रतिनिधित्वका लागि बाधक कानूनी छिद्राहरुको निरुपण गर्नुपर्ने, मतदान केन्द्रमा हेल्थ डेस्कको व्यवस्था गरिनुपर्ने, मतदान र नागरिक शिक्षालाई निर्वाचनको अभिन्न अङ्ग बनाउनुपर्ने, म्यादी प्रहरीको स्थानमा निर्वाचन अवधिका लागि सुरक्षा स्वयंसेवकको व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ। गत वैशाख ३० गते एकै चरणमा सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचनका लागि इओसीले ४०३ जना राष्ट्रिय पर्यवेक्षक परिचालन गरेको थियो।

# पोखरामा राप्रपाको विरोध प्रदर्शन, १९ बुंदे मागसहितको ज्ञापनपत्र

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असार**

विभिन्न १९ बुंदे मागसहित राष्ट्रिय प्रजातन्त्र पार्टीले पोखरामा विरोध प्रदर्शन गरेको छ।

दैनिक उपभोग्य सामाग्रीमा भएको मूल्यवृद्धिको विरोधसँगै राजसंस्थासहितको प्रजातन्त्र, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था र नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्ने सम्मका माग राख्दै पार्टीले विरोध जनाएको हो।

सोही क्रममा पार्टीले जिल्ला प्रशासन कार्यालय कास्की मार्फत प्रधानमन्त्री कार्यालयलाई १९ बुंदे मागसहितको ज्ञापनपत्र समेत बुझाएको छ। पछिल्लो समय देशमा देखिएको भ्रष्टाचार र कृषकले मल, बिऊविजन नपाउँदाको समस्यालाई पनि चाँडो भन्दा चाँडो व्यवस्थित गर्नुपर्ने राप्रपाले माग गरेको छ। त्यो सँगै शिक्षा स्वास्थ्य निशुल्क गर्नुपर्ने, विदेशमा भएका नेपालीहरुको मताधिकार सुनिश्चित गर्नुपर्ने, सबैखाले




विभेद अन्त गर्नुपर्ने, भूमीहिन र सुकुम्बासीको समस्या तत्काल समाधान गर्नुपर्ने लगाएतका मागहरु पार्टीले राखेको छ।

१९ बुंदे मागपत्रमा पार्टीले पृथ्वी जयन्तीमा सार्वजनिक बिदा दिनुपर्नेमा जोड दिएको छ। त्यस्तै देशभरी भत्काईएका ऐतिहासिक व्यक्तिहरुको शालिक संरक्षण तथा पुनर्निर्माण गर्नुपर्ने र संघीयताको प्रादेशिक तह खारेज गर्नुपर्ने जस्ता मागहरु ज्ञापनपत्रमा उल्लेख छन्। त्यसैगरि पार्टीले एक घर एक रोजगारीको कार्यक्रम कार्यान्वयन गर्न सरकारसमक्ष माग गरेको छ। पार्टीले दोहोरो करको खारेजीसँगै राज्यले सिमाक्षेत्रमा भएका अतिक्रमित भूमी फिर्ता लिन कुटनीतिक पहल गर्न दबाब दिने गरि आन्दोलन अगाडि बढाउने बताएको छ।

'राज्यको तहबाट हाम्रो मागलाई तत्काल सम्बोधन होस् भन्ने हाम्रो चाहना हो। हामी निरन्तर आन्दोलनमै छौँ। र, हाम्रो माग पुरा नभएको खण्डमा अझै बढि सशक्त रुपमा यो आन्दोलन चर्किंदै जान्छ।' राप्रपा कास्कीका अध्यक्ष नारायण गुरुङले भने-'सरकारले हाम्रो मागलाई गम्भीर रुपमा लिनुपर्छ, नत्रभने राप्रपाले देशव्यापी जनसंघर्ष गर्छ।' अर्को सन्दर्भमा गुरुङले नेपाली भूमीमा अमेरिकी सेनाको प्रवेश हुनेगरि सरकारले गर्न लागेको सम्झौताको विरोध गर्दै त्यसो भएको खण्डमा राप्रपा चुप लागेर नबस्ने चेतावनी दिए।

बुधबार भएको विरोध प्रदर्शन र्याली सृजनाचोकदेखि जिल्ला प्रशासन कार्यालय सम्म पुगेर टुंगिएको थियो। र्यालीमा सहभागीहरुले हिन्दु धर्म झल्कने खालका पहिरन लगाउनुका साथै शङ्ख, घण्टी र बाजागाजासहित प्रदर्शन गरेका थिए। 'देशव्यापी रुपमा पार्टीले घोषणा गरेको विरोध कार्यक्रम अन्तरगत नै पोखरामा बुधबार हामीले यो प्रदर्शनसँगै प्रशासनमा पुगेर ज्ञापनपत्र बुझाएका हौं।' राप्रपा कास्कीका प्रवक्ता अरुण गिरीले भने-'मागहरु सम्बोधन होस् भन्ने हाम्रो चाहना हो। तर सरकारको रवैया हेर्दा त्यस्तो देखिँदैन। यदि त्यसो नभएको खण्डमा चरणबद्ध रुपमा हामीले अझै बढि दबाबमुलक आन्दोलन गर्नेछौं।'

# पोखरा ८ का महिलालाई नेतृत्व विकास सम्बन्धि अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १ असार**

पोखरा महानगरपालिका वडा नं ८ का सामाजिक क्षेत्रमा क्रियाशिल महिलाका लागि एक दिने नेतृत्व तथा क्षमता विकास सम्बन्धि अभिमुखिकरण तालिम प्रदान गरिएको छ।

प्रगती आमा समूहको आयोजना र वडा नं ८ को सहयोगमा सञ्चालित एक दिने अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै उक्त वडाका वडाध्यक्ष रुद्रनाथ बरालले महिला सशक्तिकरणका लागि वडाले विभिन्न कार्यक्रम गर्दै आएको बताए। उनले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिदै वडाले महिला सशक्तिकरणमा जोड दिने बताए। बरालले पछिल्लो समय महिलाहरु विभिन्न क्षेत्रमा अग्रसर हुँदै गएको धारणा राख्दै यस्ता कार्यक्रमले महिलाको दक्षता एवम् क्षमता विकास भई नेतृत्व



तहमा पुग्न सघाउ पुग्ने विश्वास व्यक्त गरे। उक्त वडाका सदस्य पवित्र केसी पौडेलले महिलाको नेतृत्व तथा क्षमता विकाससँगै आगमी दिनमा महिलालाई आर्थिक सशक्तिकरणका लागि सीप मुलक तालिमलाई प्राथमिकता दिएर आत्मनिर्भर बनाउन वडाले पहल गर्ने धारणा राखिन्। कार्यक्रममा प्रतिभा मिलन आमा समूहका अध्यक्ष प्रभा अधिकारी, अधिवक्ता सिता भट्टराइ लगायतले महिलाहरु नेतृत्वका विकासको अभावमा महिलाहरु आफ्नो कुरा राख्ने र अधिकार खोजेर अगाडि बढ्न अझै पनि समस्या रहेको जनाउँदै तालिमले महिलाको नेतृत्व विकास हुने विश्वास व्यक्त गरे। कार्यक्रममा पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले नेतृत्व विकास सम्बन्धि प्रशिक्षण दिएकी थिइन। गौरी चालिसे अध्यक्षतमा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष जानुका चालिसे र निर्वतमान सचिव कुलमाया पौडेलले सञ्चालन गरेकी थिइन।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# जनताको आँखामा छारो हाल्ने बजेट

नेपाल संघीय प्रणालीमा गएपछि केन्द्र सरकारको जस्तै गरेर प्रदेशका सरकारले बजेट सार्वजनिक गर्दै आएका छन । प्रदेश सरकारको अन्तिम वर्ष चुनावी वर्ष भएको हुँदा बजेट पनि चुनावलाई प्रभाव पार्ने गरि ल्याइएको छ । बजेट कार्यान्वयनमा जाँदा नयाँ सरकार बन्ने हुँदा कार्यान्वयन होला भन्नेमा शंका छ । देशभरका प्रदेश सरकारहरुले असार १ गते बुधबार आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट सार्वजनिक गरेका छन् । सात वटै प्रदेश सरकारहरुले पाँच बर्षे कार्यकालको यो अन्तिम बजेट ल्याएका छन।अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४ अनुसार असार १ गते बजेट सार्वजनिक गर्नुपर्ने प्रावधानको आधारमा प्रदेश सरकारहरुले बजेट ल्याएका हुन् । संघीय सरकारले बजेट ल्याएको दुई साताभित्रै प्रदेश सरकारले र त्यसको १० दिन जतिमा स्थानीय सरकारहरुले बजेट ल्याउनुपर्ने व्यवस्था छ। संविधानले प्रदेश तथा स्थानीय तहको लागि राजश्वको न्यायोचित वितरण तथा संघीय अनुदानको व्यवस्था गरेको छ । प्रदेश सरकारले यसपालि पनि परम्परागत शैलीकै कार्यक्रम र बजेट विनियोजन गरेको देखिएको छ । अधिकांश प्रदेश सरकारले बजेटमा चालु आर्थिक वर्षको कार्यक्रम र योजनालाई नै समेटेका छन् ।

आगामी आर्थिक वर्षको लागि सबैभन्दा धेरै बागमती प्रदेश सरकारले झण्डै ७१ अर्ब रुपैयाँ बराबरको बजेट ल्याएको छ भने कर्णाली प्रदेशले सबैभन्दा थोरै ३२ अर्ब ६१ करोड ६१ लाखको बजेट ल्याएको छ । बागमती प्रदेशले चालु आर्थिक बर्ष भन्दा १३ अर्ब रुपैयाँले बढाएर ७० अर्ब ९३ करोड ९२ लाखको बजेट सार्बजनिक गरेको छ । अधिकांश प्रदेशले कृषि,पर्यटन, स्वास्थ्य, उद्योग र व्यवशायलाई प्राथमिकतामा राखेको बताएका छन् । केहीले पुर्वाधारलाई जोड दिएका छन ।केन्द्रबाट प्रदेशमा गएको अनुदान, राजश्व बाँडफाँडको रकम र प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडको रकम प्रदेश सरकारहरुको बजेटको मुख्य स्रोत बनेको छ । आन्तरिक ऋण, आय तथा अन्य स्रोत पनि प्रदेश सरकारका आर्थिक स्रोत अन्तर्गत देखाएका छन ।

प्रदेश सरकारले आन्तरिक आयका रुपमा राजश्व र अपुग रकम ऋणबाट परिपूर्ति गर्नेगरी पनि बजेटमा उल्लेख गरेका छन । गण्डकी प्रदेश सरकारले झण्डै ३६ अर्ब रुपैयाँको बजेट ल्याएको छ । प्रदेश सरकारका अर्थमन्त्री रामजीप्रसाद बरालले बुधबार प्रदेशसभा बैठकमा ३५ अर्ब ९० करोड ९० लाख रुपैयाँको बजेट सार्वजनिक गरेका छन । अनुमानित बजेटअनुसार आगामी आर्थिक वर्षमा २२ अर्ब १४ करोड रुपैयाँ पुँजीगत खर्च हुनेछ भने बाँकी चालुतर्फ खर्च हुने छ । यसैगरी बजेटबाट २ अर्ब रुपैयाँ स्थानीय तहमा वित्तीय हस्तान्तरण हुनेछ । कुल बजेटमध्ये ८८ करोड २५ लाख रुपैयाँ प्रदेशलाई व्ययभार पर्ने अनुमान गरिएको छ । प्रदेश सरकारले सवारी साधन करमार्फत आउने ७२ करोड रुपैयाँ स्थानीय तहमा पठाउने घोषणा गरेको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा सुशासन र कृषि उत्पादनलाई प्राथमिकता दिएको छ । कृषि उत्पादन अन्तर्गत मकैको बिउ उत्पादनका लागि ५ करोड रुपैयाँ विनियोजन गरिएको मन्त्री बरालले बताए । यसैगरी प्रदेशलाई स्याउमा आत्मनिर्भर गराउन १७ करोड विनियोजन गरिएको छ । गण्डकी प्रदेश सरकारले प्रदेशभित्रका खेलाडीको बिमा गर्ने भएको छ । प्रदेशभित्र रहेका प्रादेशिक तथा राष्ट्रिय स्तरका खेलाडीको बिमा गरिने कार्यक्रम आगामी आर्थिक बर्षको बजेटमा समाबेश छ ।

गण्डकी प्रदेशले कोरोनाको कारण अविभावक गुमाएका बालबालिकालाई १ करोड बजेट बिनियोजन गरेको छ । कृषि, पर्यटन र स्वास्थ्यमा बजेटले जोड दिएको छ।कोभिड का कारण चालू आवको बजेटमा स्वास्थ्यमा प्राथमिकता दिएको थियो । अहिले पनि स्वास्थ्यलाई महत्त्व दिनु सकारात्मक हो । बजेटका बारेमा सत्तपक्षले राम्रो राम्रो देख्ने विपक्षीले खोट मात्र देख्ने गरेका छन।पुर्वाधारका लागि अघिल्ला वर्षकै कार्यक्रम र योजनाका लागि बजेट अपुग छ । बहुवर्षे ठेक्का लगाइएका योजनालाई कम रकम छुट्टाउनु आयोजनालाई खर्चिलो बनाउनु हो । सबैलाई रिझाउन खोज्दा प्राथमिकता दिएका योजना पूरा हुन सक्दैन । त्यसको असर संघीयतालाई पर्दछ।एक त पुजीगत कजेट कम छ त्यसमा पनि खर्च गर्न सक्ने क्षमताको अभाव छ । राजनीतिक दाउपेच राखेर गरिएको बजेट बाँडफाँड जनताको आँखामा छारो हाल्ने काम मात्रै हो ।चुनावी वर्षको बजेट हेर्दा गुलियो खाँदा तितो हुनेछ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सम्मान मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : आर्थिक समस्या |
| कर्कट | : कार्यमा सफलता | मकर | : मन चञ्चल |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# मल र मजदुर अभावमा कृषकलाई समस्या

**रासस**
**म्याग्दी, १ असार**

म्याग्दीमा मल र मजदुर नपाउँदा यहाँका कृषकलाई धानबाली लगाउन समस्या भएको छ । प्रमुख खाद्यबाली धान लगाउने याम शुरु भएपनि रासायनिक मलको आपुर्ति नहुँदा कृषक चिन्तित भएका हुन् । उच्च पहाडी र सिँचाइको सुविधा पुगेको क्षेत्रमा जेठको अन्तिम सातादेखि धान रोपाइ शुरु भएको छ ।

मल अभावमा यसपाली मकै र धानको उत्पादन प्रभावित हुने मंगला गाउँपालिका-२ का कृषक रामकुमारी खत्रीले चिन्ता गर्नुभयो । "मकैमा रासायनिक मल हाल्न पाइएन", उहाँले भन्नुभयो "धान रोप्ने समय भएपनि मल नपाउँदा उत्पादन घट्ने चिन्ता छ ।" गाउँमा युवा जनशक्ति नहुँदा धान लगायत खेतीबाली लगाउन मजदुर अभावको समस्या देखिएको छ । अर्म, पर्म जस्ता खेतीबाली लगाउने गरिने सामाजिक परम्परा हराउँदै गएको मंगला-५ का मनबहादुर मगरले बताउनुभयो । "मजदुर पाइन छाडेपछि समथर फाँटमा गोरुको विकल्पमा ट्र्याक्टर र मिनिट्रेलरले खेतबारी खनजोत गर्न थालेका छौ", उहाँले भन्नुभयो "खेतीबाली लगाउन र भित्र्याउन मजदुर नपाएर दुःख हुन थाल्यो ।" मजदुरलाई ज्याला दिएर लगाएको खेतीबाली मल अभाव, असिना, रोगकिराले उत्पादन बढाउन चुनौती भएको कृषक मगरको भनाइ छ ।

म्याग्दीको रणवाङ, छिसवाङ, पिपलबोट, घतान, पिप्ले, भगवती, घार, बरञ्जा, देविस्थान, ताकम लगायतका ठाउँका कृषक धानबाली लगाउन मलको प्रतिक्षामा छन् । धानसँगै बारीमा कोदो रोप्न थालेका छन् ।

तीन हजार ८८५ हेक्टरमा धान खेती हुन्छ । कृषि ज्ञान केन्द्रका अनुसार गत वर्ष १३ हजार ३६० मेट्रिक टन धान उत्पादन भएको थियो । नियमित वर्षा भएकाले सिँचाइ सुविधा पुगेको र पहाडी क्षेत्रमा कृषक धान रोपाइमा जुटेका कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख किरन सिग्देलले बताउनुभयो ।

वर्षा नियमित भएकाले कृषकलाई धान रोप्न सजिलो भएको उहाँको भनाइ छ । म्याग्दीमा गौरी, जेठो बुडो, जर्नेली, पहेँले, मार्सि, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण ३, खुमल ४, खुमल १०, लुम्ले २ लगायतका उन्नत जातका धान खेती हुने गर्छ । लेकाली क्षेत्रका कृषकले भिरालो जमिनमा गर्न सकिने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धान खेती हुन्छ ।

# मृतकको परिवारलाई रु ५० हजार प्रदान

**पोखरापत्र संवाददाता**
**तनहुँ, १ असार**

डिभिजन वन कार्यालय तनहुँले चितुवाको आक्रमणबाट मङ्गलबार मृत्यु भएका बन्दीपुर गाउँपालिका-१ का चार वर्षीय सुप्रिम बगाले मगरको परिवारलाई काजक्रिया खर्चबापत रु ५० हजार प्रदान गरेको छ । डिभिजन वन कार्यालयका निमित्त डिभिजन प्रमुख दयानिधि अर्याल, सहायक वन अधिकृत काशिराज पण्डित, सहायक वन अधिकृत सागर खनाल र प्रशासन अधिकृत पुष्प खनालले संयुक्त रूपमा उक्त रकम मृतकका बुबा प्रेमबहादुर बगाले मगरलाई हालै हस्तान्तरण गर्नुभएको हो ।

बन्दीपुर गाउँपालिका-१ दिल प्राविमा नर्सरीमा अध्ययनरत बालकलाई चितुवाले आक्रमण गरी घरदेखि करिब दुई मिटर माथि जङ्गलमा लगेको थियो ।

मृतकका परिवारलाई सुरुमा काजक्रिया खर्चबापत उक्त रकम प्रदान गरिए पनि बाँकी रु नौ लाख ५० हजार छिट्टै उपलब्ध गराउन पहल गरिने निमित्त डिभिजन वन अधिकृत दयानिधि अर्यालले बताउनुभयो ।

गाउँपालिका कार्यालयले चितुवाको आक्रमणमा परी मृत्यु भएका परिवारलाई रु ५० हजार दिने यसअघि नै निर्णय गरेकाले उक्त रकम उपलब्ध गराउन पहल भइरहेको बन्दीपुर-१ का वडाध्यक्ष शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# एसपीपीबारे नेपाली सेनाको ध्यानाकर्षण

**रासस**
**काठमाडौं, १ असार**

नेपाली सेनाले हाल विभिन्न सञ्चारमाध्यममा चर्चामा आएको अमेरिकासँगको स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) सम्बन्धी समाचारहरूमा ध्यानाकर्षण भएको जनाएको छ ।

नेपाली सेनाको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले एसपीपीसम्बन्धी कुनै पनि सम्झौता वा समझदारी नेपाली सेनाले अमेरिकी सेना वा सरकारसँग नगरेको र त्यस्तो सम्झौता गर्नेतर्फ कुनै प्रक्रियासमेत नभएको स्पष्ट पारेको छ । "नेपालले अवलम्बन गरेको असंलग्न परराष्ट्र नीति, नेपालको विशिष्ट भू-राजनीतिक अवस्थिति एवं सामरिक संवेदनशीलतामा प्रतिकूल असर गर्ने गरी कुनै पनि सैनिक साझेदारी कोही कसैसँग पनि गर्न नहुने वस्तुगत यथार्थतामा नेपाली सेना सदैव प्रष्ट र सचेत रहेको व्यहोरा सम्पूर्ण जनमानस तथा सञ्चार जगत्लाई जानकारी गराइन्छ", सेनाले जारी गरेको ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

# म्याग्दीका ४४ बस्ती पहिरो र कटानको जोखिममा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ असार**

म्याग्दीका ४४ बस्ती पहिरो र कटानको जोखिममा छन् । बेनीस्थित भू-तथा जलाधार संरक्षण सम्पर्क कार्यालयले ३१ बस्ती पहिरो र १३ ठाउँमा नदी कटानका कारण करिब एक हजार घरधुरी जोखिममा रहेका जनाएको छ ।

कार्यालयका सहायक भूसंरक्षण अधिकृत शम्भुकुमार मिश्रले म्याग्दीको ३५७.९ हेक्टर जमिन भू-क्षयबाट प्रभावित भएको जानकारी दिनुभयो । "म्याग्दीबाट वार्षिक दुई हजार ५१९ दशमलव ७६ मेट्रिक टन माटो भू-क्षयका कारण बगेर जाने गरेको छ", उहाँले भन्नुभयो, "माथिल्लो क्षेत्रमा पहिरो र भूक्षय हुँदा नदीमा बाढीको आयातन बढेर कटान हुने गरेको छ ।" धवलागिरिको लमसुङ, खोरिया, दर, ताकम, मालिकाको देवीस्थान, बिम, जुकेपानी, छाप, रातोढुङ्गा, रुम, घोर्सी, दिच्याम गोगनपानी, दरवाङ, मङ्गलाको खर्सुपानी, हाँडेभिर, बेनी नगरपालिकाको सिङ्गा तातोपानी, भकिम्ली, पुलाचौर, भसभसे, घतान, पात्लेखेत, रघुगङ्गाको पाखापानी, दग्नाम, राहुघाट, कटुवालटोल, भगवती, रानीपौवा, पिप्ले, अन्नपूर्णको दोवा, घोस्केखोर, शिख तल्लोगाउँ र फगाममा पहिराको जोखिम रहेको कार्यालयले जनाएको छ । यसैगरी म्याग्दी, राहुघाट र कालीगण्डकी नदीको तटीय क्षेत्रमा रहेको दरवाङ, दुखुबेँसी, सहश्रधारा, शेरफाँट, हाँडेभिर, पिपलचौतारी, पानावगर,काशेगर,ताराखेत,सिङ्गा तातोपानी, भसभसे, गलेश्वर र भुरुङ तातोपानीमा कटानको जोखिम भएको मिश्रले बताउनुभयो । जोखिमयुक्त ठाउँबाट ४५ स्थानमा पहिरो नियन्त्रण, २५ स्थानबाट खोला किनार सरक्षण र ३२ स्थानबाट गल्छी संरक्षण तथा व्यक्तिगत घर, खेतबारी संरक्षणका लागि ७५ जनाको माग निवेदन आएको छ । कालीगण्डकी, राहुघाट र म्याग्दी नदीमा सहायक खोलाबाट आउने बाढीले नदीको धार परिवर्तन गराउनु, सडक निर्माण गर्ने क्रममा भिरालो जमिन कटान गर्दा सडकभन्दा माथिको माटो तल फाल्नु र सोको व्यवस्थापन नगरिनु, सडकले गर्दा परापूर्वकालदेखि बग्दै आएको भलबाढी अनियन्त्रित हुनु र नदीमा बाढीको आयातन बढेर तटीय क्षेत्रमा कटान गर्ने समस्या रहेको मिश्रले बताउनुभयो । यसैबीच म्याग्दीमा मनसुनजन्य विपद् प्रतिकार्य योजना लागू गरिएको छ । प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले मनसुनजन्य विपद्को जोखियुक्त स्थान पहिचान, सतर्कता, विपद्को अवस्थामा उद्धार, राहत र व्यवस्थापनका लागि विगतको अभ्यास र सरोकारवालाको सुझावका आधारमा प्रतिकार्य योजना बनाएर कार्यान्वयन थालिएको बताउनुभयो ।

उच्च जोखिममा रहेका बस्तीका बासिन्दालाई सुरक्षित ठाउँमा सार्ने र जिल्लाका ६ वटै स्थानीय तहले कालीगण्डकी, म्याग्दी र रघुगङ्गा नदीको तटीय क्षेत्रमा बाढीको पूर्वसूचनाका लागि सम्पर्क व्यक्ति खटाउने प्रक्रिया थालेका छन् ।

# बागलुङ उद्योग वाणिज्य सङ्घमा श्रेष्ठ र कँडेलबीच प्रतिस्पर्धा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ असार**

बागलुङ उद्योग वाणिज्य सङ्घको अध्यक्ष पदमा निर्माणकुमार श्रेष्ठ 'बासु' र नरेश कँडेलबीच चुनावी प्रतिस्पर्धा हुने भएको छ ।

अध्यक्षमा चार जनाको उम्मेदवारी परेकामा राजनकुमार शाक्य र शशीकपुर श्रेष्ठले मङ्गलबार उम्मेदवारी फिर्ता लिएपछि श्रेष्ठ र कँडेलबीच प्रतिस्पर्धा हुने भएको हो । सङ्घको नयाँ नेतृत्व चयनका लागि आउँदो शनिबार चुनाव हुँदैन । अध्यक्षको प्रतिस्पर्धामा रहनुभएका कँडेल सङ्घको निवर्तमान महासचिव हुनुहुन्छ । श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व केन्द्रीय सदस्य हुनुहुन्छ ।

सङ्घको खुलातर्फको १४ सदस्य भने निर्विरोध निर्वाचित भएको निर्वाचन अधिकृत भूमिश्वर गौतमले जानकारी दिनुभयो । खुला सदस्यमा उम्मेदवारी दिनुभएका राजेश भारीले उम्मेदवारी फिर्ता लिएपछि खुला सदस्य निर्विरोध निर्वाचित भएका हुन् । खुल्ला सदस्यतर्फ निर्विरोध हुनेमा अर्जुन चोखाल, विष्णु पन्त, श्रीजय श्रेष्ठ, नवीनकुमार श्रेष्ठ, उमाकान्त शर्मा, गणेश लम्साल, महेन्द्रप्रसाद शर्मा, विष्णुप्रसाद अधिकारी, इन्द्रमणी पौडेल, दीपक हमाल, भुपाल कार्की, राजु गौतम, सञ्जय श्रेष्ठ र ईश्वरजङ्ग राजभण्डारी रहनुभएको छ ।

मनोनयन दर्तामा अरुको उम्मेदवारी नै नपरेपछि दुई महिला सदस्य यसअघि नै निर्विरोध निर्वाचित भएका थिए । अब अध्यक्षसहित दुई उद्योग सदस्यका लागि मात्र मतदान हुने निर्वाचन समितिले जनाएको छ । कार्यसमितिका पदाधिकारी भने सदस्यमध्येबाटै पछि चुनिनेछन् । सङ्घको निर्वाचनमा एक हजार ४१० जना मतदाता छन् ।

उद्योगी, व्यवसायीहरूको छाता सङ्गठनका रूपमा चिनिएको सङ्घ विसं २०२० मा खुलेको थियो । बागलुङ उद्योग वाणिज्य सङ्घ नेपाल उद्योग वाणिज्य महासङ्घको संस्थापक सदस्यसमेत हो ।

## Notice

This is to inform that the notice published by Federal Water Supply and Sewerage Management Project, Myagdi on 15th June 2022 is corrected by replacing " First Date of Bid Publication" by " Date of Bid Publication

Project Chief
FWSSMP, Myagdi

नेपाल रेडक्रस सोसाइटी कास्की

## वोलपत्र आव्हान सम्बधि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।०३।०२गते

**नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय र द कोकोकोला फाउण्डेशनको सहकार्यमा कास्की जिल्ला शाखाबाट कोभिड १९ प्रतिकार्यका लागी सञ्चालन भैरहेको "Stop The Spread" परियोजना अन्तर्गत स्वास्थ्य सुरक्षाका सामग्रीहरु खरिदको लागि यो सूचना प्रकाशित गरिएको छ । मुल्यअभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म, कम्पनी, संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्रमा यस शाखाको कार्यालय पोखरा-८, सृजनाचोकमा कार्यालय समय भित्र आइपुग्ने गरी शीलबन्दी वोलपत्र पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**विस्तृत वोलपत्र फारम यस सोसाइटीबाट फिर्ता नहुने गरि रु. २००।– तिरेर प्राप्त गर्न सकिने छ । वोलपत्रको साथमा इच्छुक समुह, फर्म, संस्थाले अनिवार्य रुपमा २०७८/२०७९ को कर चुक्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र अन्य दर्ता प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपिहरु प्रस्तुत गर्नु पर्ने छ । वोलपत्र सम्वन्धी विस्तृत जानकारी वोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछ ।**

अन्य जानकारीका लागी
सर्म्पक नं : ०६१-५७१७६२, ९८५६०२२२५०
ठेगाना : पोखरा ८, सृजनाचोक

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०३/०१

यस कार्यालयबाट मिति २०६८/१२/२३ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ०२ भैरव टोल कि.नं. ८१ मा संचालन गर्ने गरी पोखरा ०२ कास्की निवासी नमिता प्रधानाङ्गको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ८३५४/०६८/०६९ को कृष्ण फुड प्रोडक्ट्स नामक फर्मको प्रोपाइटर श्री नमिता प्रधानाङ्गले मिति २०७९/०३/०१ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक वक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# सत्यवती माध्यामिक विद्यालय तनहुँमा नर्सिङ सुविधा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १ असार**

तनहुँको एक सामुदायिक विद्यालयले जिल्लामै पहिलो पटक नर्सिङ सुविधा प्रदान गरेको छ।

नेपाल सरकारले प्राथमिकतामा राखेको 'एक विद्यालय एक नर्स' कार्यक्रम अपेक्षित रूपमा अघि बढ्न नसकिरहेको बेला दमौली स्थित सत्यवती माध्यामिक विद्यालयले सुविधा प्रदान गरेको हो। विद्यालयले विएससी नर्सिङ उतिर्ण सुनिता जोशी मार्फत नर्सिङ सुविधा प्रदान गरेको छ। प्राथमिक उपचारको लागि आवश्यक औषधि, औजार र उपकरणको व्यवस्था विद्यालयले मिलाएको छ। विद्यार्थीहरु धेरै भएकोले विद्यार्थीहरु विरामी भईरहने, घाईते हुने गरेकोले उपचारमा सहज बनाउन जिल्लामै पहिलो पटक नर्स राखिएको विद्यालयय व्यवस्थापन समितिका अध्यक्ष करुणराज काफ्लेले जानकारी दिनुभयो। विद्यालय नर्सले सेवा दिने/परामर्श गर्ने छुट्टै कक्षको व्यवस्था मिलाएको अध्यक्ष काफ्लेले बताउनुभयो। 'दुई हजार ७०० विद्यार्थी अध्ययन गर्ने भएकोले विरामी भईरहेकाले नर्सको अभाव महशुस भई नियुक्त गरेका हौं' अध्यक्ष काफ्लेले भन्नुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विद्यालयमा



बालबालिकाको उपस्थिति नियमित गराउन र उनीहरूको नियमित स्वास्थ्य जाँचका लागि 'एक विद्यालय एक नर्स' कार्यक्रम लागू गरे पनि अझै पनि सो कार्यक्रम पुग्न सकेको छैन।

विद्यालयमा नर्स भएपछि विद्यार्थीको स्वास्थ्यको ख्याल गर्नको लागि आलोपालो मिलाएर रक्तचाप नाप्ने, ज्वरो नाप्ने तथा स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिने, स्वास्थ्य सचेतना दिने लगायतको उद्धेश्यले नर्स राखिएको प्रधानाध्यापक एकबहादुर गुरुङले जानकारी दिनुभयो। बालबालिका घर बाहेक बढी समय विद्यालयमा रहने भएपनि स्वास्थ्य समस्या पर्दा उपचार नहुँदा समस्या परेकोले सरकारले सबै सामुदायिक र निजी विद्यालयमा अनिवार्य नर्स राख्ने नीति ल्याउने तयारी गरिरहेको छ। नर्सले किशोर-किशोरीलाई प्रजनन, परिवार नियोजन, महिनावारी स्वास्थ्य र यौन तथा यौनिकताका सन्दर्भमा परामर्श दिने विद्यालयले जनाएको छ।

आधारभूत स्वास्थ्य परिक्षणको व्यवस्था मिलाउनु पर्ने माग अभिभावकबाट पनि आईरहेकोले नर्स राखेपछि अभिभावकहरु खुसी भएको शिक्षक अभिभावक सङ्घका अध्यक्ष सोमराज सिग्देलले जानकारी दिनुभयो। यौन, प्रजनन् लगायत स्वास्थ्य चेतना र आधार भूत जाँचका लागि सरकारले विद्यालयहरूमै नर्स खटाउने योजना बनाएकोले दरबन्दीको नै व्यवस्था माग राखिने विद्यालयले जनाएको छ। विद्यालयका अनुसार व्यक्तिगत र वातावरणीय सफाइ तथा फोहोरमैला व्यवस्थापन, स्वस्थकर जीवनशैली, सामान्य स्वास्थ्य परीक्षण र पोषणको लेखाजोखा गर्ने जिम्मेवारी नर्सलाई दिईएको छ। नर्सले अखाद्य वस्तु 'जंक फुड'को प्रयोगमा नियन्त्रण, यौनजन्य हिंसा न्यूनीकरण, शारीरिक तथा मानसिक स्वास्थ्य शिक्षा, धूमपान, मद्यपान र सूर्तिजन्य पदार्थको दुरुपयोग न्यूनीकरणका लागि अभिभावक तथा समुदायलाई स्वास्थ्य शिक्षा प्रदान गर्नुपर्ने हुन्छ। रजश्वालाका बेला छात्राहरू लजाउने, प्याड प्रयोग गर्न अप्ठ्यारो मान्ने समस्या पनि समाधान हुने विद्यालयले अपेक्षा लिएको छ। किशोरीलाई प्याडको आवश्यकता र यौन स्वास्थ्यबारे सिकाउने भएको छ। महिनावारी भएका बेला छात्राहरूलाई सेनेटरी प्याड विद्यालयले निशुल्क प्रदान गर्ने गरेको छ। किशोरकिशोरी धेरै समय बिताउने ठाउँ विद्यालय भएकोले यस अवस्थामा उनीहरुलाई स्वस्थ रहन र सकारात्मक व्यवहार परिवर्तन गराएर स्वस्थ युवा तयार गर्नमा नर्सको महत्वपूर्ण भूमिका हुने भएकोले सरकारले विद्यालयमा नर्सको व्यवस्था गर्ने तयारी गरिरहेकोले दरबन्दी प्राप्त हुने अपेक्षा लिएको व्यवस्थापन समितिका अध्यक्ष काफ्ले बताउनुहुन्छ।

विद्यार्थीलाई व्यक्तिगत सरसफाइ जस्तै हात धुने, नङ काट्ने, दाँत माझ्ने, नुहाउने, यौनाङ्गको सरसफाइको बारेमा महत्व बुझाएर व्यवहार परिवर्तन गर्नुका साथै महिनावारी हुँदा गर्नुपर्ने सरसफाइ, प्याड बनाउने, लगाउने तरिका र फोहोर प्याड व्यवस्थापन गर्ने तरिकाबारे नर्ससँग खुलेर कुरा गर्न सक्ने भएकोले नर्स राखिएको विद्यालयले जनाएको छ। नव नियुक्त नर्सलाई विद्यालयले स्वागत गरेको छ।

# चितुवाको आक्रमण बढेपछि स्थानीय त्रसित

**पोखरापत्र संवाददाता**
**दमौली, १ असार**

केही वर्षदेखि तनहुँमा मानव र वन्यजन्तुबीचको द्वन्द्व बढ्दो छ। बर्सेनि चितुवाको आक्रमणबाट मानिसको मृत्यु हुने र घाइते हुने क्रम रोकिएको छैन। केही दिनदेखि पुनः चितुवाको त्रास बढेको छ। अहिले बन्दीपुर गाउँपालिकामा चितुवाको आतङ्क बढेपछि स्थानीयवासी त्रसित बनेका छन्।

बन्दीपुर गाउँपालिकामा चार दिनको अवधिमा तीन पटक चितुवाको आक्रमण भएको छ। चितुवाको आक्रमणबाट एक बालकको मृत्यु भएको छ भने एक बालिका र एक पुरुष घाइते भएका छन्।

मङ्गलबार घरको आँगनमै खेलिरहेका बेला चितुवाको आक्रमणमा परेर बन्दीपुर-१ का पाँच वर्षीय सुप्रिम रिलामीको मृत्यु भएको छ। चितुवाको आक्रमणमा परेका बालकको शव घरभन्दा दुई सय मिटरमाथि जङ्गलमा भेटिएको थियो। शनिबार बन्दीपुर-४ टावरमा चितुवाको आक्रमणमा परेर आठ वर्षीया रियाना थापा र आइतबार बन्दीपुर-१ मा ३५ वर्षीय भीमलाल गरञ्जा घाइते हुनुभएको थियो। चितुवाको आक्रमण बढेपछि स्थानीयवासी त्रसित बनेको बन्दीपुर-१ का वडाध्यक्ष शिवकुमार श्रेष्ठले बताउनुभयो। घरछेउमै चितुवाको आक्रमण हुन थालेपछि घरबाहिर निस्कन पनि डर हुन लागेको बन्दीपुर-४ का सन्तोष थापाले बताउनुभयो।

बन्दीपुर गाउँपालिकाकी निवर्तमान उपाध्यक्ष करुणा गुरुङले चितुवाको त्रास न्यूनीकरण गर्नका लागि सरोकारवाला निकायबाट अल्पाकालीन र दीर्घकालीन समाधान खोजिनुपर्ने बताउनुभयो। चितुवाको आक्रमण बढेपछि चितुवा नियन्त्रणका लागि खोर राखिए पनि खोरमा चितुवा पर्न सकेको छैन। डिभिजन वन कार्यालय तनहुँको सहयोगमा बन्दीपुर-१ बाघदलेमा आइतबार फलामे खोर राखिएको थियो। सहायक वन अधिकृत काशिराज पण्डितले चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न आग्रह गर्नुभयो। "चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाऔँ, झाडी सफा गरौँ, एक्लै नहिँडौँ," उहाँले भन्नुभयो, "बच्चा तथा वृद्धहरूको विशेष ख्याल र रेखदेख गरौँ।"

मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले सिकार गरिदिँदा वनमा सिकारको अभाव भई चितुवाले मानिसको सिकार गर्न थालेको वनको भनाइ छ। "मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्नेतर्फ सबै लाग्नुपर्छ," उहाँले भन्नुभयो।

डिभिजन वन प्रमुख कोमलराज काफ्लेले भन्नुभयो, "चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ। चितुवाको आक्रमणबाट पाँच वर्षमा १२ बालबालिकाले ज्यान गुमाएका छन्। चितुवाको आक्रमणबाट ज्यान गुमाउनेमा १२ वर्षभन्दा कम उमेरका बालबालिका छन्।

# विपत्को व्यवस्थापनमा सामग्रीको अभाव

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ असार**

बाढी पहिराको समय सुरु भए पनि विपत्को व्यवस्थापनका सामग्रीको अभाव भएको छ। विगतका बर्खाहरूलाई फर्केर हेर्दा बागलुङमा मनसुनजन्य विपद्का कारण धेरै क्षति भएका तथ्याङ्कहरू सरोकारवालासँग छन्। हिउँदमा हुने आगलागी, रोगको महामारी, चट्याङ, भूकम्प जस्ता विपद्हरूको सामना सर्वसाधारणले गरिरहेकै छन्।

'विपत् बाजा बजाएर आउँदैन्', भन्ने भनाइ सबैलाई थाहा छ। सरोकारवाला निकायले त्यही बुझेकाले होला विपद्पछिको उद्धार, राहत र पुनःस्थापनाका लागि आफ्ना योजना बनाइरहेकै हुन्छन्।

विपत्पछिको उद्धारका लागि बागलुङमा जनशक्तिको अभाव त छैन तर तयारी अवस्थामा रहने निकाय औजार, उपकरण तथा महत्वपूर्ण सामग्रीहरूको अभाव झेलिरहेका छन्। बागलुङ नगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा वन वातावरण र विपत् व्यवस्थापनका विषयमा सरोकारवालासँग गरेको छलफलमा सहभागीले विपत् व्यवस्थापनमा बजेट अभाव नै प्रमुख चुनौती रहेको औँल्याएका छन्। "उद्धारका लागि खटिने प्रहरीसँग औजार पनि छन् तर ती औजारमा धार छैनन्, डोरी टुटेफुटेका छन्", राष्ट्रिय अनुसन्धान कार्यालय बागलुङका प्रमुख विनय चतुर्वेदीले भन्नुभयो, "कम्तीमा औजारमा धार लगाउने बजेटको व्यवस्था गरिदिनुस्, तालिम प्राप्त जनशक्ति तयार छ, विपत्पछिको उद्धारमा सहयोग हुने हो भने क्षति कम गर्न सकिन्छ।" विपत्का सम्भावित घटनाका बारेमा सम्बन्धित सबैलाई पूर्वजानकारी गराउन आवश्यकता रहेको सरोकारवालाले औँल्याए। तत्काल सूचना सङ्कलन, विश्लषेण तथा सम्प्रेषण गर्ने र खोज, उद्धार तथा राहतसम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न आपत्कालीन काम कारबाही अघि बढाउन सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका खेल्नुपर्ने सहायक प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद पौडेलले बताउनुभयो।

विपत्को समयमा खोज, उद्धार तथा राहत कार्यका लागि तत्काल परिचालन गर्ने स्वयंसेवक ब्यूरो गठन गर्ने, विपत् प्रभावित क्षेत्रका नागरिकलाई अस्थायी पुनःस्थापना तथा सिकाइ केन्द्रको निर्माणमा स्थानीय समुदाय एवं स्वयंसेवक परिचालन गर्ने गर्नुपर्ने विषयमा सरोकारवालाको जोड थियो। विपत् प्रतिकार्यमा निजी तथा गैरसरकारी संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालालाई समन्वयात्मक रूपमा परिचालन गर्ने, गराउने, विपत्का लागि आपत्कालीन गोदाम घर सञ्चालन गर्ने तथा प्राप्त राहत सामग्रीको एकद्वार प्रणालीमा व्यवस्थापन गर्ने, विपत्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने, विपत् व्यवस्थापनसम्बन्धी तोकिए बमोजिमका अन्य कार्य गर्ने/गराउने विषयमा समेत छलफल भएको थियो।

बागलुङ नगरपालिकाका नगरप्रमुख वसन्तकुमार श्रेष्ठ, उपप्रमुख राजु खड्का, सहायक प्रमुख जिल्ला अधिकारी गणेश पौडेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख दयानिधि ज्ञवाली, सशस्त्र प्रहरी गणका प्रमुख राकेश गुरुङ, स्वास्थ कार्यालय बागलुङका देवप्रकाश घिमिरे, नेपाल पत्रकार महासङ्घका सचिव विजय राना, अन्तर पार्टी महिला सञ्जालका अध्यक्ष कुसुम बुढा, सामुदायिक सेवा केन्द्रका अध्यक्ष दुर्गा आचार्य, लीला खड्का, धौलागिरि बहुमुखी क्याम्पसका विद्यार्थी विष्णु पौडेल, बैंकर्स सङ्घका अध्यक्ष हेमराज पौडेल गैरसरकारी संस्था महासङ्घका मुक्तिराम सापकोटा लगायतले विपत्को व्यवस्थापनमा तयार भएर बस्नुपर्ने सुझाव दिनुभयो।

# मोदी गाउँपालिकाद्वारा सुझाव माग

**पोखरापत्र संवाददाता**
**पर्वत, १ असार**

जिल्लाको मोदी गाउँपालिकाले आगामी आर्थिक वर्ष ०७९/८० को नीति, कार्यक्रम तथा बजेटमा पालिकावासीसँग सुझाव माग गरेको छ। पालिकाको आगामी आर्थिक वर्ष ०७९/८० का लागि नीति, बजेट र कार्यक्रम सार्वजनिक गर्ने बेला भइरहँदा पालिकाले सूचना जारी गर्दै नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने स्थानीय आवश्यकता र सम्भावना सहितको सुझाव पालिका, वडा कार्यालय वा इमेल ठेगानामार्फत पठाउन अनुरोध गरेको हो।

बजेटमा सबै क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व होस् र कोही पनि नागरिक पालिकाको सेवासुविधाबाट वञ्चित हुन नपरोस् भनेर सुझाव माग गरिएको गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्माले जानकारी दिनुभयो। नेपालको संविधानद्वारा प्रदान स्थानीय तहको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, गाउँपालिकाको आवश्यकता, संस्थागत क्षमता, उपलब्ध स्रोत र साधनका आधारमा आगामी बजेट नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने रचनात्मक राय सुझाव दिन अनुरोध गरिएको उहाँले बताउनुभयो। नीति तथा कार्यक्रम र बजेट पूर्ववडावडामा छलफल तथा योजना सङ्कलन गरिने भए पनि स्वदेश तथा विदेशमा रहनुभएकाहरूले पनि उक्त सुझाव दिन सकिने भएको छ। नागरिकस्तरबाट आएका महत्वपूर्ण सुझावलाई आगामी आर्थिक वर्षको बजेटमा समावेश गरिने प्रमुख प्रशासकीय अधिकृत किसान क्षेत्रीले जानकारी दिनुभयो। गाउँपालिकाले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको सूचनामा नागरिकहरूले बाँदर नियन्त्रणका लागि प्रभावकारी अभियान सञ्चालन गर्न, पकुवा-जिमिरे-खोरखोरे-गोतामेथर-डाडागुप्ते हुँदै रापुसम्म जाने बाटोको स्तरोन्नति र कालोपत्रका लागि प्राथमिकतामा राख्न, हरेक तीन/तीन महिनामा सार्वजनिक सुनवाइ कार्यक्रम राखी जनतालाई पालिकाका गतिविधि जानकारी गराउन तथा आगामी बजेटलाई कृषिमैत्री र कृषि उपजको बजार व्यवस्थापनको व्यवस्था गर्ने गरी ल्याउन सुझाव दिएका छन्। त्यसैगरी ग्रामीण सडकको अप्ठ्यारा ठाउँहरूमा ढलान गर्न र गाउँपालिकाका सेवासुविधालाई छिटोछरितो बनाउन सुझाव दिएका छन्।

# जिसस मनाङको प्रमुखमा एमाले

**रासस**
**मनाङ, १ असार**

जिल्ला समन्वय समिति मनाङको प्रमुख एमालेको भागमा परेको छ। यही असार ३ गते सार्वजनिक गर्ने गरी सर्वदलीय बैठकले निर्णय गरे पनि सम्झौताअनुसार एमालेको भागमा प्रमुख र नेपाली कांग्रेसको भागमा उपप्रमुख परेको छ।

समन्वय प्रमुख चयनका लागि जेठ ३१ गते बसेको जिल्लासभाले असार ३ गते गोलाप्रथाबाट प्रमुख चयन गर्ने निर्णय गरेको छ। प्रतिनिधिसभा सदस्य पाल्देन छोपाङ गुरुङ र पूर्वराज्यमन्त्री टेकबहादुर गुरुङ, जिल्ला समन्वय प्रमुख यज्ञप्रसाद घलेको उपस्थितिमा भएको सभाले गोलाप्रथाबाट प्रमुख चयन गर्ने निर्णय गरेको हो। देशभर सबैभन्दा पहिले हिमाली जिल्ला मनाङले मतदान र मतगणना सकेको थियो। कांग्रेस र एमाले बराबरी सङ्ख्या रहेको मनाङमा गोलाप्रथाबाट जिल्ला समन्वय प्रमुख, उपप्रमुख, महिला सदस्य, अल्पसङ्ख्यक सदस्य, दलितसहित तीन गरी नौ सदस्यीय समिति निर्धारण गर्ने निर्णय गरेको छ। गोला तान्दा अध्यक्षको उम्मेदवारले तीन सदस्य पाउनेछ भने उपप्रमुखको गोला तान्ने उम्मेदवारले चार सदस्य पाउनेछ। यसका साथै गोलाप्रथाबाट आएको नतिजालाई सम्बन्धित सरोकारवालालाई मान्य हुने र सोहीअनुरुप जिल्ला समन्वय समितिको निर्वाचनमा सहकार्य गर्नेगरी सम्झौता गरिएको छ।

एमालेले चामे गाउँपालिका र मनाङ ङिस्याङ गाउँपालिकाको प्रमुख जितेको छ भने नेपाली कांग्रेसले नासों गाउँपालिका र नेपाली कांग्रेसले नार्पाभूमि गाउँपालिकामा अध्यक्ष जितेको छ। चामेको उपाध्यक्षमा कांग्रेस, मनाङ ङिस्याङको उपाध्यक्षमा स्वतन्त्र, नासोंको उपाध्यक्षमा गठबन्धन नेकपा (माओवादी केन्द्र) र नार्पाभूमिको उपाध्यक्षमा एमालेलेले जितेको छ।

# निर्मला पन्तको हत्या प्रकरण

**रासस**
**काठमाडौं, १ असार**

प्रतिनिधिसभामा सांसदहरू खगराज अधिकारी, डा सुर्यप्रसाद पाठक, योगेशकुमार भट्टराई, गिरिराजमणि पोखरेल, प्रेम सुवाल, लक्ष्मी परियार, गोकुलप्रसाद बाँस्कोटा, डिला सङ्ग्रौला पन्त, यशोदा गुरुङ सुवेदी, राजेन्द्रकुमार राई, पूर्णकुमारी सुवेदी, मीना सुब्बा, महेश बस्नेत र गजेन्द्रबहादुर महतले गृहमन्त्रीसमक्ष पुरक प्रश्न राख्नुभएको थियो।

सांसदहरूले निर्मला पन्तको बलात्कारपछि हत्या भएको घटनाको अनुसन्धान कहाँ पुग्यो भनेर प्रश्नसमेत गर्नुभएको थियो। उहाँहरूका प्रश्नको जवाफ दिँदै गृहमन्त्री खाणले निर्मला पन्तको बलात्कारपछि हत्या प्रकरणमा अनुसन्धान जारी रहेको र धेरै मानिस अनुसन्धानको दायरामा रहेको जानकारी दिनुभयो। उहाँले उक्त घटनाका सम्बन्धमा ६३१ जनासँग सोधपुछ भइसेको र कूल १०७ जनाको डिएनए परीक्षण गरिसकिएको बताउनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३, आर्वा, विजयपुरमा अभिताम गुम्बा विद्यालय कोठा निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः अमिताभ गुम्बा विद्यालय कोठा निर्माण**
**स्थानः पोखरा–१३, आर्वा, विजयपुर**
**योजना सम्झौता मिति : २०७८/१२/२० गते**
**योजना सुरु हुने मिति : २०७८/१२/२१ गते**
**योजना सम्पन्न हुने मितिः २०७९/०२/२५ गते**
**योजनाको कुल लागत : रु. २३,५३,९४२।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.८,००,०००।–**
**जनसहभागिता : रु.३,५२,९४२।–**
**अन्य साझेदारः रु.१२,००,०००।–**
**उपभोक्ता समिति अध्यक्षः तिर्थ बहादुर तामाङ लामा**
**जम्मा सदस्य संख्याः ९ जना**
**महिला सदस्य संख्याः ४ जना, पुरुष सदस्य संख्याः ५ जना**

**अमिताभ गुम्बा नेपाल तामाङ लामा घेदुन**
**पोखरा-१३, आर्वा, विजयपुर**



## बगैंचा बचत तथा ऋण सहकारी संस्था लि.

**पोखरा–५, कास्की, नेपाल**
**फोन नं. ०६१–४१९१२४, ४१९१८०**

## कर्जा भुक्तानी गर्ने बारे अत्यन्त जरुरी सूचना !

सूचना प्रकाशित मिति २०७९/०३/०२

**यस बगैंचा बचत तथा ऋण सहकारी संस्था लि. बाट विभिन्न शिर्षकमा कर्जा सुविधा उपभोग गर्दै आउनु भएका शेयर सदस्यहरुको ऋणको साँवा ब्याज सहितको किस्ता रोकिएको, पटक पटक फोन सर्म्पक मौखिक तथा पत्राचार गर्दा पनि संस्थालाई नियमानुसार बुझाउनु पर्ने, किस्ता रकम नबुझाएको देखिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। आफुले बुझाउनुपर्ने रोकिएको किस्ता र ब्याज सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बुझाउन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन २०७४ र ऋण व्यवस्थापन नियमावली २०७९ अनुसार ऋणीको तिनपुस्ते पत्रपत्रिकामा प्रकाशित गरी ऋण असुलीको कानुनी प्रक्रिया अपनाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।**